
"शिक्षा, स्वास्थ्य, कृषि, जलस्रोत, पर्यटन र पूर्वाधार : समून्नत समाज त्रिपूरासुन्दरीको मूल आधार"




# त्रिपुरासुन्दरी गाउँपालिकाको स्थानीय रोजगार रणनीति
# (आ.ब. २०८१/०८२ - २०८५/०८६ सम्म)

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यानटार, धादिङ
बागमती प्रदेश, नेपाल

**रोजगार रणनीति, २०८१**
**सर्वाधिकार @ त्रिपुरासुन्दरी गाउँपालिका ।**

**त्रिपुरासुन्दरी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
सल्यानटार, धादिङ
वागमती प्रदेश, नेपाल ।
वेभसाइट : www.tripurasundarimundhading.gov.np
ईमेल : tripurasundaridhading@gmail.com
**रोजगार सेवा केन्द्र**
ईमेल : esctripurasundarirmdhading@gmail.com
**त्रिपुरासुन्दरी गाउँपालिका**
सल्यानटार, धादिङ ।

# मन्तव्य

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारण अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रामक शासन व्यवस्था बमोजिम स्थापित ७५३ वटा स्थानीय तहहरुको आर्थिक तथा संस्थागत शसक्तिकरणको लागि प्रयासरत छन । सोका लागि विभिन्न ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका तथा योजनाहरु निर्माण गरी अल्पकालिन, मध्यकालिन र दिर्घकालिन रुपमा सञ्चालन गरिने विभिन्न विकास सम्बद्ध नीति, योजना बजेट तथा कार्यक्रमहरु लागु गरिरहेको छ । वर्तमान परिप्रेक्ष्यमा यस गाउँपालिकाले गाउँपालिकाभित्र आर्थिक रुपले पछाडि परेका विपन्न, पूर्ण बेरोजगार, अर्धबेरोजगार तथा मौसमी बेरोजगार र न्यून आय भएका नागरिकहरुको लागि आर्थिक शसक्तिकरणका माध्यमबाट रोजगारीका अवसरहरु सिर्जना गरी ऊनीहरुको आयस्तरलाई बृद्धि गर्दै गुणस्तरिय जीवनयापन गर्न सहयोग पुगोस् भनी यस त्रिपुरासुन्दरी गाउँपालिका स्तरिय रोजगार रणनीती योजना २०८१ निर्माण गरिएको हो । गाउँपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, श्रोत साधनको अधिकतम उपयोग गरी बढ्दो बेरोजगारी र गरिवीलाई न्यूनीकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलब्धिमूलक नभएको अवस्था छ । संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरी तीन वटै तहबाट प्राप्त श्रोत, साधन, जनशक्तिलाई उत्पादनशील रोजगार मार्फत नागरीकको जिवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरीक रोजगारीमा संलग्न हुन चाहने नागरीकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र पूर्वाधार विकासमा मात्र न्यूनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा, बर्षेनी सयौ बेरोजगार नागरीक बैदेशिक रोजगारी निरुत्साहित गरी आन्तरीक रोजगारीका नयाँ क्षेत्र पहिचान गरी स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरीकलाई गाउँमै बस्ने बातावरण तय गर्न रणनीति योजनाले मार्ग निर्देशन गर्ने अपेक्षा सहित यो रणनीति निमार्ण गरी लागु गर्न लागेकोमा म अत्यन्तै खुसि छु ।

यो पञ्चवर्षिय रोजगार रणनीती योजना २०८१ देखी २०८६ निमार्ण कार्यमा सहयोग गर्नुहुने त्रिपुरासुन्दरी गाउँपालिकाका उपाध्यक्ष ज्यू लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीमित्रहरु, सुझाव दिनुहुने सम्पुर्ण सरोकारवालाहरु र यस कार्यमा अहोरात्र खटदै लेखन तथा सम्पादनलाई अन्तिम चरण सम्म महत्वपूर्ण भूमिका निर्वाह गर्नहुने रोजगार सेवा केन्द्रका रोजगार संयोजक गणेश बसौला र शाखाका कर्मचारी प्रति धन्यवाद दिन चाहान्छु ।

**राजु उप्रेती**
**गाउँपालिका अध्यक्ष**

# विषय सूची


कार्यकारी सारांश

खण्ड-१, रणनैतिक सन्दर्भ (**Strategic Context**)

१. पृष्ठभूमि

२. रोजगार रणनीतिको आवस्यकता/औचित्य

३. अध्ययन पद्धति

४. क्षेत्र

५. सीमा

खण्ड-२, वर्तमान अवस्थाको विश्लेषण (**Current Suitation Analysis** )

खण्ड-३, रणनैतिक विश्लेषण (**Strategic Analysis**)

खण्ड-४, रणनैतिक सवालहरु (**Strategic Issues**)

खण्ड-५, दुरदृष्टि, ध्येय र उदेश्य (**Long –term vision, Mission and Objectives**)

खण्ड-६, रणनैतिक लक्ष्यहरु (**Strategic Goals**)

खण्ड-७, रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरु (**Major Strategies**)

खण्ड-८, पाँच बर्षको रणनैतिक कार्य योजना (**Strategic Action Plan)**

खण्ड-९, श्रोत परिचालन र बजेट व्यवस्थापन **(Resource Mobilization and Budget Management)**

खण्ड-१०, रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था **(Steering Committee, Monitoring and Evaluation )**

खण्ड-११, जोखिम व्यवस्थापन **(Risk Management)**

अनुसूचीहरु

**त्रिपुरासुन्दरी गाउँपालिकाको ५ बर्षे रोजगार रणनीति (आ.ब. २०८१/०८२ देखि २०८५/०८६ सम्म)**

**रोजगार रणनीति स्वीकृत मिति : २०८१/०४/१७**

## कार्यकारी सारांश

त्रिपुरासुन्दरी गाउँपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, श्रोत साधनको अधिक प्रयोग गरी बढ्दो बेरोजगारी र गरिवीलाई न्यूनीकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलब्धिमूलक नभएको अवस्था छ। संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरी तीन वटै तहबाट प्राप्त श्रोत, साधन, जनशक्तिलाई उत्पादनशील रोजगार मार्फत नागरीकको जीवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरीक रोजगारीमा संलग्न हुन चाहने नागरीकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र पूर्वाधार विकासमा मात्र न्यूनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा, बर्षेनी सयौं बेरोजगार नागरीक बैदेशिक रोजगारीमा गई रहेका बर्तमान चूनौतीलाई आत्मसाथ गरी आन्तरीक रोजगारीका नँया क्षेत्र पहिचान गरी स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरीकलाई गाउँमै बस्ने बातावरण तय गर्न रणनीति योजनाले मार्ग निर्देशन गर्ने अपेक्षा गरिएको छ।

## खण्ड-१, रणनैतिक सन्दर्भ (Strategic Context)

### १. पृष्ठभूमी

नेपालको संघीय संरचना तीन तहको रहेको छ । तीनै तहका सरकारलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ । सबै तहका सरकारहरुले बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगरी प्रदान गर्न सक्ने व्यवस्था रहेको छ। स्थानीय तहले आफ्नो क्षेत्रभित्र रोजगारीका सम्भावित अवसरहरुको पहिचान गरी रोजगारीको मागको प्रक्षेपण र आपूर्तिको अनुमान गरी माग र आपूर्ति बीचको सन्तुलन कायम गर्न तथा रोजगारीका थप अवसरहरुको सिर्जना गर्न जरुरी छ। श्रम तथा रोजगार अन्तरसम्बन्धित भएकोले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रमा हुने विकास, काम र श्रमिक प्रतिको हेर्ने दृष्टिकोणले पनि यस क्षेत्रलाई प्रभान पार्ने गरेको देखिन्छ । देशमा उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा बेरोजगारी व्यक्तिहरुलाई आकर्षित गर्न काम प्रतिको सम्मान र कार्य गर्ने मर्यादित वातावरण सृजना गर्न सकिएमा देशमा श्रम तथा रोजगारीका क्षेत्रमा नेपाली बेरोजगार व्यक्तिहरु नै संलग्न हुने अवस्था रहन्छ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप श्रम बजारमा प्रवेश गर्ने गर्दछन्। नयाँ श्रमशक्तिको लागि पर्याप्त रोजगारीका अवसर सृजना हुन नसकेको कारण श्रमको माग र आपूर्ति बीच अन्तर रहेको छ। नेपालको आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून रहेको छ। श्रम बजारमा प्रवेश गर्ने व्यक्तिको संख्याभन्दा कमै मात्रामा रोजगारी सिर्जना हुने गरेको अवस्था छ। परिणम स्वरुप अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेको छन् । नेपालमा जातजातीका आधारमा कामको बाँडफाँड गरिएको हुनाले उपलब्ध

आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा सामाजिक प्रतिष्ठाका कारण युवाहरुलाई आकर्षण गर्न नसकेको अवस्था छ। देशमा आन्तरिक रोजगारीका अवसरलाई व्यवस्थापन गर्न नसकिदा दैनिक करिब १५०० व्यक्ति वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ । औसतमा ६० प्रतिशत भन्दा बढी घरधुरीबाट कोही व्यक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ। नेपालका आन्तरिक श्रम बजारमा श्रमिकको माग आपूर्ति गर्न आवश्यक पर्ने श्रमिकको संख्या , सीप ,योग्यता र अनुभवको आधारमा सीपमूलक श्रमशक्तिको विकास गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुने देखिन्छ। रोजगारी बहुआयामिक तथा अन्तरसम्बन्धित विषय हो। रोजगारीका आफ्नो कुनै विशेष क्षेत्र हुदैन। यो विभिन्न क्षेत्रहरुमा सिर्जना हुने हो। रोजगारी सिर्जना कुनै एक तह, क्षेत्र वा कार्याक्रमबाट हुने पनि होईन। यसका लागि त सबै तह, क्षेत्र र कार्याक्रम बीच समन्वय र सहकार्य हुनु आवश्यक छ। गरिबी र रोजगारी अन्तरसम्बन्धित विषय रहेकोले गरिबी बढदा बेरोजगारी बढ्छ , रोजगारी बढ्दा बेरोजगारी घट्छ र यसले गरिबी घटाउन मदत गर्दछ। रोजगारीले गरिबी तथा बेरोजगारी दर बीचको संतुलन कायम गरेको हुन्छ। त्यसैले दिगो आर्थिक वृद्धि गरिबी तथा बेरोजगारी न्यूनीकरणको मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको छ । उत्पादनशीता, रोजगारीले मानिसको आयआर्जन क्षमतालाई बढाउँछ र यसले बेरोजगारी तथा न्यून रोजगारीलाई कम गर्दछ । शिक्षा र रोजगारी बीचको अन्तरसम्बन्ध पनि एकदम महत्वपूर्ण हुन्छ । शिक्षाले नै स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय श्रम बजारका आवश्यकताहरु परिपूर्ति गर्ने सीपयुक्त दक्ष , सक्षम प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने काम गर्छ। प्राविधिक र जीवनोपयोगी शिक्षामा पहुँचको कमीका कारण देशमा बेरोगारी दर बढ्दो क्रममा रहेको छन् । रोजगारीसंग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनिकरण सीप तथा क्षमताको विकास रोजगारीका अवसरमा विपन्न वर्गको पहूँच स्थापना गर्ने कार्यमा समेत स्थानीय तहको भूमिका अपरिहार्य रहेको छ।

यस गाउँपालिकामा आन्तरिक रोजगारीका सम्भावित अवसरहरु सृजनामा अहम् भूमिका निर्वाह गर्न सक्ने मुख्य सम्भावित क्षेत्रहरु कृषि क्षेत्र , निर्माण क्षेत्र, उत्पादन क्षेत्र , पर्यटन क्षेत्र , उद्यमशीलता विकास र सीप तथा क्षमता विकास हुन् । उक्त क्षेत्रहरुमा के कति लगानी गर्दा वा के कति लगानी वृद्धि गर्दा आन्तरिक रोजगारी अवसरहरु अधिक रुपमा वृद्धि गर्न सकिन्छ। गाउँपालिकाले के कस्तो रणनीति अपनाउनु पर्छ वा कुन क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्नु पर्छ । सम्भावित रोजगारीका क्षेत्रहरुमा गरिएको लगानीलाई प्रभावकारी रुपमा परिचालन गर्न सकेमा दीर्घकालमा त्यसले आन्तरिक रोजगारीमा के कस्तो योगदान गर्न सक्छ ? त्यसको आंकलन गर्न जरुरी रहेको छ।

नेपालमा बढ्दै गएको बेरोजगारी दरमा कमी ल्याउन स्थानीय स्तरमा कृषि, वन, पर्यटनमा आधारित उद्योगधन्दा कलकारखानाको माध्यमबाट थप रोजगारीका अवसरहरु सृजना गर्नु पर्दछ । अदक्ष तथा सीप नभएका बेरोजगार युवाहरुलाई सीपमूलक तालिमको माध्यमबाट दक्ष एवं सीपयुक्त जनशक्ति तयार गरी उद्योग तथा कलकारखानाहरुमा आपूर्ति गरी औद्योगिक उत्पादनमा वृद्धि गर्नुको साथसाथै लघु , घरेलु तथा साना उद्योगहरुको माध्यमबाट स्थानीय स्तरमा उपलब्ध श्रम , सीप , स्रोत र साधनको अधिकतम् परिचालन तथा उपयोग गरी स्थानीय तहभित्रै स्वरोजगारी वा रोजगारीका थप अवसरहरु सिर्जना गर्नु आवश्यक रहेको छ । यस गाउँपालिकामा हुने विभिन्न निर्माण क्षेत्रहरुमा आवश्यक दक्ष जनशक्तिको रुपमा काम गर्न ईलेक्टिसीयन, प्लम्बर, पेन्टर, कारपेन्टर, मैसन, स्काफोल्डर , मार्बल फिटिङ लगायत अन्य श्रमिक मजदुरहरु मध्ये अधिकांश तराई मुलका रहेको छन्। यी क्षेत्रमा पहाडी श्रमिक मजदुरहरु अदक्ष कामदारको रुपमा काम गर्ने गर्दछन् । यस क्षेत्रमा रोजगारीका सम्भावनाहरु प्रशस्त रहेकोले बजारको मागको आधारमा दक्ष ,

सीपयुक्त जनशक्ति  तयार गरी बजारमा दक्ष जनशक्तिको आपूर्ति गरी भारतीय मुलुकका श्रमिक मजदुरहरुलाई विस्थापित गदै जानु पर्ने देखिन्छ। पर्यटन क्षेत्र रोजगारीको प्रचुर सम्भावना तथा मुख्य स्रोतहरु मध्ये एक हो। गाउँपालिकाभित्रको प्राकृतिक, धार्मिक, मौलिक पुरातात्विक एवं सास्कृतिक सम्पदा ,जल यात्रा आदि पर्यटनको मुख्य आधार क्षेत्र रहेको छ। यी सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र विविधिकरण गरी नयाँ नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान, विकास, प्रवर्द्धन गदै यस क्षेत्रमा थप रोजगारीका अवसरहरु सिर्जना गर्न सकिन्छ।  उद्यमशीलता र उत्पादन स्वरोजगारीको महत्वपूर्ण साधनको रुपमा रहेको छ। स्थानीय स्तर देखि नै उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा स्वरोजगारी सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशिलता प्रदान गर्न उद्यमशीलताको विकास अपरिहार्य रहेको छ। बढ्दै बेरोजगारी समस्यालाई सम्बोधन गर्न तथा बेरोजगारीहरुलाई स्वरोजगार बनाउन स्थानीय तहले स्वरोजगार हुन चाहने बेरोजगार युवाहरुलाई लक्षित गरी स्थानीय स्तरमा उपलब्ध श्रम, स्रोत साधन, पँजी र प्रविधिको उपलब्धताको आधारमा रोजगार सेवा केन्द्र मार्फत वित्तिय पहुँच, व्यवसायिक सीप विकास तालिमहरु सञ्चालन गरि दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्नु पर्छ। वैदेशिक रोजगारीबाट प्राप्त सीप, पूँजी, प्रविधिलाई उद्यमशीलताको विकास र प्रवर्द्धनमा परिचालन गरि गाउँपालिकाभित्र आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गरी गाउँपालिकाभित्रबाट बाध्यात्मक रुपमा वैदेशिक रोजगारीमा जाने क्रमलाई निरुत्साहित गर्दै जानु पर्दछ।

त्रिपुरासुन्दरी गाउँपालिकामा जम्मा सातवटा वडाहरु रहेको छन्। जिल्ला सदरमुकाम धादिङवेशीबाट ३० किलोमिटर उत्तर पश्चिम तर्फ अवस्थित यस गाउँपालिका ८४.३६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। राज्य पुरंसंरचना संगै वि.सं २०७३ सालमा साविकको जम्मा पाँच वटा गाविसहरु ( सल्यानकोट, आगिन्चोक , मूलपानी, सल्यानटार र त्रिपुरेश्वर) समावेश गरी नेपाल सरकारबाट त्रिपुरासुन्दरी गाउँपालिकाको रुपमा स्थापना भएको हो ,भने गाउँ कार्यापालिकाको कार्यालय साविकको सल्यानटार गाविस भवन भएको स्थानमा रहेको छ। यस गाउँकार्यापालिकाको पुर्वमा नेत्रावती र गंगाजमुना गाउँपालिका, पश्चिममा गोर्खा जिल्ला उत्तरमा गंगाजमुना गाउँपालिका र दक्षिणमा ज्वालामुखी र नेत्रावती गाउँपालिका तथा निलकण्ड नगरपालिका पर्दछन। यो गाउँपालिका संघिय संसदीय निर्वाचन क्षेत्र नं २ र प्रदेश निर्वाचन प्रणाली अन्तरर्गत पनि निर्वाचन क्षेत्र नं २ मै पर्दछ।

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुमा सिर्जना हुन सक्ने रोजगारीका अवसरहरुको पहिचान गरि नाक्सांकन गर्न जरुरी छ। पहिचान भएका क्षेत्रहरुमा के कस्तो प्रकृतिको श्रमिक कति संख्यामा आवश्यक छ र त्यस्तो श्रमिकको उपलब्धताको अवस्था के छ। श्रमिकहरुको ज्ञान,सीप, तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप वा दक्षताको अनुमान गरिमाग र आपूर्ति बीच सन्तुलन कायम गनु पर्छ। स्थानीय तहले जनसांख्यिक विवरण, रोजगारीको अवस्था र रोजगारी सिर्जना हुन सक्ने क्षेत्र तथा संख्या पहिचान गरी रोजगारीको सम्भव्यता, सीप विकास, रोजगारी गन्तव्यको नक्सांकन, आप्रवासन तथा स्वरोजगारमूलक क्रियाकलाप लगायतको विश्लेषण सहितको स्थानीय रोजगार रणनीति तर्जुमा गर्नु अपरिहार्य रहेको देखिन्छ। रोजगार रणनीतिले स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरुको विकास गर्न सहयोग पग्नेछ।

## २. रोजगार रणनीतिको आवस्यकता/औचित्य

यस रोजगार रणनीतिक योजनाको आवश्यकता निम्न अनुसार रहेको छ ।

क) आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान, सिर्जना तथा प्रवर्द्धनका लागि संघ, प्रदेश स्थानीय तह बीच समन्वय र सहकार्य गर्न ।

ख) रोजगारीको क्षेत्रमा रहेका समस्याहरुको समाधान गरि रोजगारी सिर्जनाका नवीनतम् उपाय एवं विधिहरुको विकास गर्न ।

ग) श्रम बजारको माग एवं उपलब्ध अवसर अनुसार दक्ष, व्यवसायिक, सीपयुक्त र प्रतिस्पर्धी श्रमशक्ति तयार गर्न ।

घ) रोजगार सेवा केन्द्रलाई सक्षम र जबाफदेही बनाई न्युनतम् रोजगारीको प्रत्याभूति गर्न ।

ङ) श्रम तथा रोजगारीको हकलाई कार्यान्वयन गर्न ।

च) वैदेशिक रोजगारीबाट प्राप्त पँजी, सीप, ज्ञान, प्रविधि र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगाउन उद्यमशीलताको विकास तथा प्रवर्द्धन गर्न ।

छ) सुरक्षित आप्रवासन र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुन एकीकरणमा सहयोग र सहकार्य गर्न ।

ज) श्रम बजारमा विपन्न वर्गको सहज पहुँच स्थापना गर्न ।

झ) श्रम बजारको माग र आफूर्ति बीच सन्तुलन कायम गर्न ।

ञ) श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्न ।

## ३. अध्ययन पद्धति

रोजगार रणनीति तर्जुमा गर्दा निम्न प्रक्रिया अपनाइने छ ।

१. प्रारम्भिक छलफल तथा अन्तरक्रिया,
२. सरोकारवालाहरुको सुझाव संकलन,
३. अनुसूचि-२ र ३ को फारम बमोजिमको तथ्याङ्क संकलन,
४. तथ्याङ्क विश्लेषण,
५. रोजगार रणनीति तयारी,
६. रोजगार रणनीति स्वीकृती,

## ४. क्षेत्र

यस गाउँपालिकाभित्र सृजना हुन सक्ने आन्तरिक रोजगारीका सम्भावित मुख्य क्षेत्रहरु देहाय अनुसार रहेको छ ।

- कृषि क्षेत्र
- निर्माण क्षेत्र
- पर्यटन क्षेत्र
- उद्यमशिलता
- शिक्षा
- स्वास्थ्य

- ❖ धार्मिक क्षेत्र
- ❖ सेवा क्षेत्र -व्यापार व्यवसा
- ❖ .उद्योग क्षेत्र
- ❖ सूचना प्रविधि
- ❖ वित्तिय क्षेत्र
- ❖ वैदेशिक रोजगारी

**५. सीमा**

त्रिपुरासुन्दरी गाउँपालिकाको ७ वटै वडा भित्र रहेर स्थानीय तहको रोजगार रणनीति तयार गरिनेछ । यसमा त्रिपुरासुन्दरी गाउँपालिकाका सामाजिक, आर्थिक, जनसंख्याको बनोट, उत्पादनशील क्षेत्रको अवस्था, रोजगारी सृजना हुन सक्ने क्षेत्र, सीपयुक्त जनशक्ति तयार सम्बन्धि सीमा रहेका छन् । यो रोजगार रणनीति योजना उल्लेखित मार्गदर्शन तथा सैदान्तिक अवधारणा बमोजिम तर्जुमा गरिएका पञ्चवर्षिय श्रम, रोजगार तथा सामाजिक सुरक्षा सम्बन्धीका नीति, योजना तथा कार्यक्रमहरु मार्फत सिर्जना हुने रोजगारीका संम्भावित अवसरको लागि छनोट भएका कामदार तथा जनशक्तिहरुलाई प्रचलित मापदण्ड बमोजिमको सेवा सुविधाहरु दावी गर्न मनासिव देखिने छैन ।

## खण्ड-२, वर्तमान अवस्थाको विश्लेषण (Current Suitation Analysis)

त्रिपुरासुन्दरी गाउँपालिकाको रोजगार, स्वरोजगार, रोजगारदाता, वित्तिय क्षेत्र तथा रोजगारी सृजनाका आन्तरीक चुनौती र सम्भावना सम्बन्धि वर्तमान अवस्थाको विवरण तपशिल बमोजिम उल्लेख गरिएको छ ।

**प्रधानमन्त्री रोजगारी कार्यक्रमले त्रिपुरासुन्दरी गाउँपालिकाको पुर्वाधार विकास योजनाहरुमा प्रदान गरेको रोजगारीको अवस्था**

| क्र.स. | आ.ब. | सुचिकृत बेरोजगार | न्यूनतम रोजगारीमा संलगन संख्या | बजेट (रु.) |
|---|---|---|---|---|
| १ | २०७७/०७८ | १०६८ | १९२ | ७४,२९,०९८ |
| २ | २०७८/०७९ | ७९४ | ३२८ | ८७,३१,१६४ |
| ३ | २०७९/०८० | ८०२ | १३६ | ५१,३२,८६८ |
| ४ | २०८०/०८१ | ८२५ | ९० | ५४,११,००० |

**रोजगार दाता तथा स्वरोजगारहरुको वर्तमान संख्यात्मक अवस्था**

| क्र.स. | व्यावसायीक क्षेत्र | संख्या | कैफियत |
|---|---|---|---|
| १ | खुद्रा तथा होलसेल व्यापार | २६२ | |
| २ | पर्यटन, होटल तथा रेष्टुरेन्ट | २५४ | |
| ३ | निर्माण व्यावसाय | २५ | |
| ४ | कृषि | १८४ | |
| ५ | स्वास्थ्य तथा सामाजिक सेवा | ७ | |
| ६ | साना तथा घरेलु उधोग | २१ | |
| ७ | वित्तिय तथा बिमा सेवा | ३८ | |
| ८ | टेलर | १२ | |
| ९ | सुचना प्रबिधि | ६ | |
| १० | यातयात तथा भण्डारण | १४ | |
| ११ | ग्यारेज | १२ | |
| १२ | विधुतिय सेवा | ८ | |
| १३ | शिक्षा (निजि विधालय) | ४ | |

**त्रिपुरासुन्दरी गाउँपालिकामा सञ्चालीत बैंक तथा वित्तिय संस्थाहरुको विवरण ।**

| क्र.स. | संस्थाको नाम | संस्थाको प्रकार | ठेगाना |
|---|---|---|---|
| १ | नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि. | बैंक | त्रिपुरासुन्दरी-२ |
| २ | मुक्तिनाथ विकास बैंक लि. | बैंक | त्रिपुरासुन्दरी-२ |
| ३ | सांग्रिला डेभलपमेण्ट बैंक लि. | बैंक | त्रिपुरासुन्दरी-२ |
| ४ | माछापुच्छ्रे बैंक लि. | बैंक | त्रिपुरासुन्दरी-१ |
| ५ | साना किसान कृषि तथा सहकारी संस्था लि. सल्यानटार | सहकारी | त्रिपुरासुन्दरी-१ |
| ६ | हामी सबैको कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| ७ | सल्यानटार बचत तथा ऋण सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| ८ | महालक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |

| | | | |
|---|---|---|---|
| ९ | बुढी गण्डकी महिला कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| १० | विसाल आमा बचत तथा ऋण सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| ११ | मुलपानी कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-३ |
| १२ | फियत आमा बचत तथा ऋण सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| १३ | नयाँ कृषि अभियान कृषि सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| १४ | साना किसान कृषि तथा सहकारी संस्था लि., त्रिपुरेश्वर | सहकारी | त्रिपुरासुन्दरी-७ |
| १५ | आगिञ्चोक साना किसान कृषि तथा सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-६ |
| १६ | त्रिपुरा बहुउद्देश्यीय तथा कृषि सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-७ |
| १७ | नृसिहं कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-१ |
| १८ | आखु महिला बचत तथा ऋण सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| १९ | विन्दावासिनि महिला कृषि सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-६ |
| २० | नेत्रावती बचत तथा ऋण सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-७ |
| २१ | गरिमा महिला साना किसान कृषि सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-३ |
| २२ | सल्यानकोट साना किसान कृषि सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-५ |
| २३ | चुलिदेवि बचत तथा ऋण सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| २४ | समृद्धि कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| २५ | भिमसेनथान कृषि तथा पशुपालन सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-६ |
| २६ | श्रोत परिचालन बचत तथा ऋण सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| २७ | ब्रछा कृषि सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| २८ | हाम्रो बचत तथा ऋण सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| २९ | सल्यानटार अपाङ्ग कृषि बहुउद्देश्यीय सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| ३० | शिद्धेश्वर बचत तथा ऋण सहकारी संस्था लि. | सहकारी | त्रिपुरासुन्दरी-२ |
| ३१ | साधना लघुवित्त वित्तिय संस्था लि. | लघुवित्त | त्रिपुरासुन्दरी-२ |
| ३२ | नागरिक लघुवित्त वित्तिय संस्था लि. | लघुवित्त | त्रिपुरासुन्दरी-२ |
| ३३ | डिप्रोक्स लघुवित्त वित्तिय संस्था लि. | लघुवित्त | त्रिपुरासुन्दरी-२ |
| ३४ | निर्धन उत्थान वित्तिय संस्था लि. | लघुवित्त | त्रिपुरासुन्दरी-२ |
| ३५ | एनआईसि एसिया लघुवित्त वित्तिय संस्था लि. | लघुवित्त | त्रिपुरासुन्दरी-२ |
| ३६ | गणपति लघुवित्त वित्तिय संस्था लि. | लघुवित्त | त्रिपुरासुन्दरी-१ |

**<u>चुनौतीहरु :</u>**

- कृषि, पर्यटन तथा स्वरोजगारी लाई आधुनिकीकरण गर्न नसक्नु,
- बुढीगण्डकी आयोजनाको अन्योल, बसाई सराइ, वैदेशिक रोजगारी,
- कृषि उत्पादनमा ह्रास तथा व्यावसायिक उत्पादन गर्न नसक्नु ,
- प्राविधिक ज्ञानको कमी, पूजीको अभाब जोखिम पूर्ण ऋण,
- वास्तविक तथ्यांक उपलब्ध हुन नसक्नु,
- स्थानीय तहले ऐन, नियम, नीति , बिधि बिधान समयमा निर्माण गरि कार्यान्वयन हुन नसक्नु ,
- स्थानीय तहमा उपलब्ध स्रोत, साधन र जनशक्तिको सहि परिचालन हुन नसक्नु,
- बजेट निर्माणको क्रममा रोजगार प्रबर्द्धनको लागि आवस्यक बजेट विनियोजन हुन नसक्नु,
- राजनैतिक असहमति,
- आर्थिक अभाव,
- सम्बन्धित विषयमा सीप तथा दक्षता नहुनु,
- उत्पादित वस्तुको लागि बजारीकरणको समस्या,
- व्यावसायिक शिक्षाको कमि, व्यावसायिक योजना नहुनु, बजारव्यावस्थापन नहुनु,
- शैक्षिक बेरोजगार जनशक्तिलाई संरक्षण गर्न नसक्नु,
- स्थानीय उत्पादनले बजार नपाउनु,
- युवा जनशक्ति अत्याधिक रुपमा विदेश पलायन,
- वैदेशिक रोजगारीबाट फर्किएका युवा जनशक्ति र सीप लाई पुन एकीकरण गर्न नसक्नु,

**समाधानको उपायहरु :**

- ✓ समयको माग अनुसार कम लागतमा उत्पादन हुने प्रविधिको प्रयोग गर्ने ।
- ✓ स्थानीय स्रोत, साधन र आवस्यकतामा आधारित जनशक्ति उत्पादन गर्ने ।
- ✓ पूर्ण बेरोजगार, अर्ध बेरोजगार र मौसमी बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्किएकहरुको तथ्यांक संकलन गरि दक्ष, अर्धदक्ष र अध्यक्ष जनशक्ति पहिचान गर्ने ।
- ✓ स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र नीतिगत कार्यान्वयनमा बिशेष जोड दिनु पर्ने ।
- ✓ स्थानीय स्रोत, साधन र जनशक्तिको अध्ययन गरि आवस्यक योजना निर्माण गरि कार्यान्वयन गर्ने ।
- ✓ स्थानीय माग र आवस्यकता अनुरुप बजेट विनियोजन गरि रोजगार प्रबर्धन गर्नु पर्ने ।
- ✓ व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर कामगर्ने मनस्थितिको विकास ।
- ✓ पुनएकीकरण कार्यक्रम संचालन गर्ने ।
- ✓ स्थानीय स्रोत र साधनमा आधारित सीप विकास तालिम दिने र उत्पादित वस्तुको बजारीकरणमा सहज वातावरण बनाउने व्यावसायिक योजना सम्बन्धी तालिम, वास्तविक व्यावसायिक किसानलाई सहुलियत तथा सहज ऋणको प्रबन्ध ।
- ✓ शैक्षिक बेरोजगार लक्षित कार्यक्रम निर्माण गरि प्रभावकारी कार्यान्वयन गर्ने ।
- ✓ व्यावसायिक उत्पादन गर्न लगाउने र बजार सुनिस्चित गर्ने ।
- ✓ स्थानीय आवस्यकतामा आधारित उधयोग संचालन गरि न्युनतम रोजगारी सिर्जना गर्ने ।
- ✓ रोजगारी सृजनाको क्षेत्रमा ठोस कार्यनीति निर्माण गरि प्रभावकारी कार्यन्वयन गर्ने ।

**रोजगारी सृजनाका आधारहरु :**

- ❖ शिक्षा प्रणालीमा स्थानीय स्रोत, साधन तथा मागमा आधारित सीपमुलक पाठ्यक्रम समावेस गर्ने ।
- ❖ स्थानीय सरकारले स्वरोजगारमा आवद्ध हुन चाहनेलाई टेवा मुलक भूमिका निर्वाह गर्ने ।
- ❖ स्थानीय स्रोत, साधन, र जनशक्ति परिचालन हुने गरि कृषि, शिक्षा, स्वास्थ्य, जस्ता रोजगारी सिर्जना हुनसक्ने बिबिध क्षेत्रमा बजेट विनियोजन गरि स्थानीय सरकारले नीति र विधि भित्र रहेर संरक्षरणकारी भूमिका निर्बाह गर्नु पर्छ ।
- ❖ स्थानीय तह भित्र रहेका वास्तविक बेरोजगार युवा जनशक्तिको तथ्यांक संकलन गरि स्थानीय आवस्यकता अनुसारको सीप प्रदान गरि रोजगारी तथा स्वरोजगारीको वातावरण सिर्जना गर्ने ।
- ❖ स्थानीय तह भित्रका बाझो रहेका जागाहरुलाई स्थानीय तहले कृषि सम्बन्धि योजना निर्माण तथा सिंचाई अभाव भएको क्षेत्रमा बाख्रा, गाई, भैसी सम्बन्धि फार्म संचालन गरि बेरोजगार युवाहरुलाई कृषि उत्पादनमा संलग्न गराउने र उत्पादित बस्तुको बजार व्यावस्थापन गर्ने ।
- ❖ किसानलाई आधुनिक कृषि प्रणालीमा आबद गराई व्यावसायिक उत्पादन गर्न सक्ने योजना निर्माण गरि उत्पादित बस्तुको बजारको सुनिस्चितताको गर्ने ।
- ❖ कृषि, शिक्षा, स्वस्थ, पर्यटन जस्ता क्षेत्रहरुमा व्याबहारिक सीप विकास गाराई रोजगारी तथा स्वरोजगारीको वातावरण सिर्जना गर्ने ।
- ❖ वडागत रुपमा पकेट क्षेत्र निर्धारण गरि व्यावसायिक कृषि उत्पादन गर्ने ।
- ❖ बाझो जग्गालाई आधुनिक कृषि प्रणाली मार्फत व्यावसायिक उत्पादनको योजना निर्माण गरि कार्यान्वयन गर्ने ।
- ❖ विविध क्षेत्रमा आवस्यकतामा आधारित योजना निर्माण गरि कार्यान्वयन गर्न बेरोजगार जनशक्तिलाई परिचालन गर्ने ।
- ❖ आवस्यकतामा आधारित उत्पादनमुखी रोजगारी सिर्जना गर्ने गरि बजेट विनियोजन गरि प्रभावकारी कार्यान्वयन गर्ने ।

## खण्ड-३, रणनैतिक विश्लेषण (Strategic Analysis)

गाउँपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, श्रोत साधनको अधिक प्रयोग गरी बढ्दो बेरोजगारी र गरिवीलाई न्यूनीकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलब्धिमूलक नभएको अवस्था छ । संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरी तीन वटै तहबाट प्राप्त श्रोत, साधन, जनशक्तिलाई उत्पादनशील रोजगार मार्फत नागरीकको जिवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरीक रोजगारीमा संलग्न हुन चाहने नागरीकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र पूर्वाधार विकासमा मात्र न्यूनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा, बर्षेनी सयौ बेरोजगार नागरीक बैदेशिक रोजगारोमा गई रहेका बर्तमान चूनौतीलाई आत्मसाथ गरी आन्तरीक रोजगारीका नँया क्षेत्र पहिचान गरी स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरीकलाई गाउँमै बस्ने बातावरण तय गर्न रणनीति योजनाले मार्ग निर्देशन गर्ने अपेक्षा छ ।

- बेरोजगार नागरीकले न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।

- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउने ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउने ।
- रोजगारीको माग र आपूर्तिको ढाँचा तयार गर्नु ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा संचालन गर्ने ।

## खण्ड-४, रणनैतिक सवालहरु (Strategic Issues)

गाउँपालिका भित्र रोजगारीको अवसर सिर्जना गरी उपलब्ध अवसरहरुमा लक्षित वर्गको पहुँच अभिबृद्धि गरी रोजगारीको हक सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले पनि आवश्यकता अनुसार विभिन्न कार्यक्रम संचालित हुँदा पनि रोजगारीको सुनिश्चित गर्न सकिएको छैन । रोजगारीक हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाई उपलब्धि मूलक बनाउन, आन्तरीक रोजगारी सिर्जनामा एकिकृत श्रोत साधन परिचालन गर्न, आन्तरीक रोजगारीका अवसरमा वृद्धि, बैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, दिगो रोजगारिका क्षेत्र पहिचान गर्न, उधमशीलता विकास मार्फत जिवनस्तरमा सुधार ल्याउनु यस रणनीतिको सवालहरु रहेका छन् ।

## खण्ड-५, दुरदृष्टि, ध्येय र उदेश्य (Long –term vision, Mission and Objectives)

### दुरदृष्टि (Long –term vision)

दक्ष, सीपयुक्त र प्रतिस्पर्धी श्रमशक्ति तयार गरी उत्पादनशील रोजगारीमा संलग्न गराई आयआर्जन, जीविकोपार्जन, गरिबी तथा बेरोजगारी न्यूनिकरणमा सहयोग गर्ने

### ध्येय (Mission)

रोजगारीका अवसरहरुको पहिचान गरि सोही अनुरुपको प्रतिस्पर्धात्मक, दक्ष र क्षमतावान जनशक्ति उत्पादन गरी श्रम बजारको मागलाई आपूर्ति गर्ने ।

### उद्धेश्यहरु (Objectives )

गाउँपालिकाको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयन पश्चात स्थानीय तहले संघीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउदै गाउँपालिकाको देहायका नतिजा प्राप्त गर्न सक्षम हुनेछ ।

(१) उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरुमा वृद्धि गर्न ।

(२) न्यूनतम् रोजगारीको प्रत्याभूति गर्न ।

(३) दक्ष, सीपयुक्त , क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्न ।

(४) सबै प्रकारका श्रम शोषणको अन्त्य गर्न ।

(५) वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन ।

(६) आप्रवासीहरुको सामाजिक एवं आर्थिक रुपमा पुन एकीकरण गर्नु ।

(७ ) रोजगारमैत्री लगानी प्रोत्साहन गर्न ।

(८) वैदेशिक रोजगारीबाट फर्किएका यूवाहरुलाई उत्पादनको क्षेत्रमा संलगन गराउन ।

## खण्ड-६, रणनैतिक लक्ष्यहरु (Strategic Goals)

उत्पादनशिल रोजगारीका अवसरहरुको अभिवृद्धि, मर्यादित श्रमको सुनिश्चितता गरी श्रमको अधिकतम उपयोग र योगदानामा आधारित सामाजिक सुरक्षा तर्फ सामाजिक संरक्षणलाई दिगो र पहुँचयोग्य बनाई नागरिकहरुको पहँच सुश्चित गर्ने ।

## खण्ड-७, रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरु (Major Strategies)

रणनीतिक योजनाको सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्नानुसारका रणनैतिक स्तम्भ पहिचान गरि रणनीति र कार्यनीतिहरु तयार गरिएको छ ।

**स्तम्भ १ :** आन्तरीक रोजगारी प्रवर्द्धन गर्ने ।

**स्तम्भ २ :** बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयूक्त जनशक्ति ।

**स्तम्भ ३ :** वैदेशिक रोजगारलाई उपलब्धिमुलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग ।

**स्तम्भ ४ :** रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री बनाउने ।

**स्तम्भ ५ :** नविन सोच र प्रबिधिको उपयोग ।

**स्तम्भ ६ :** श्रम तथा रोजगार बैंक ।

| रणनीतिक स्तम्भ १ : आन्तरीक रोजगारी प्रवर्द्धन गर्ने । | |
|---|---|
| **रणनीतिहरु** | **कार्यनीतिहरु** |
| १.१ विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवस्यक सीप सिकाउने र प्रयोग गर्ने । | १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडी श्रमीकलाई आवस्यक पर्ने ज्ञान, सीप, तरिका, बिधि सम्बन्धमा परामर्श र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाईनेछ। गाउँपालिकाको विकास खर्चलाई रोजगारी सृजनासंग जोडिनेछ । |
| १.२ दिगो र उत्पादनशील रोजगारीको अवसर विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने । | १.२.१ उत्पादन हुने खाध्यान्न बाली, तरकारी पकेट, फलफूल खेती क्षेत्रको जमिनको छनौट, परिक्षण गरि उतपादनशील रोजगारीको ढाँचा तयार गर्ने र पशुपंक्षी र माछा पालन सम्बन्धमा सम्भावित अध्यन गरि स्थानीय तह भित्र रोजगारीका अवसरको खोजी गरिनेछ ।<br>१.२.२ स्थानीय आवश्यकता र प्राथमिकतालाई मध्यनजर गरी स्थानीय स्रोत साधन र श्रमशक्तिको भरपुर उपयोग गर्न सिंचाई सुविधा, कृषि विधुतिकरण, कृषि सडक तथा उपयुक्त कृषि प्रविधिहरुमा पहुँच विस्तार गरी कृषिको व्यवसायीकरण र विविधिकरणमा जोड दिई कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गदै उपलब्ध युवा श्रमशक्तिहरुलाई कृषिमा आधारित पेशा व्यवसायमा आकर्षित गरि कृषि उत्पादन संकलन, ग्रेडिङ्, भण्डारण, प्रशोधन र प्याकिङ् सम्बन्धी ज्ञान, सीप र रोजगारी उपलब्ध गराईने छ । |
| **स्तम्भ २ : बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयूक्त जनशक्ति ।** | |
| २.१ श्रम बजारको माग अनुसार बेरोजगार यूवालाई रोजगार वा स्वरोजगारमा संलगन हुन उत्प्रेरित गरिने छ । | २.१.१ लघु उधमशिल सीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने गरि बेरोजगार नागरिकलाई प्रोत्साहन गरिने छ । |
| २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने । | २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारीत तालिम दिइ दक्ष बनाउने । |
| २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | २.३.१ गाउँपालिका भित्रका निजी क्षेत्रका उद्योग व्यवसायी, ठेकेदार, होटल व्यवसायी, सहकारी, निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखीने । |
| **स्तम्भ ३ : वैदेशिक रोजगारलाई उपलब्धिमुलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग ।** | |

| | |
|---|---|
| ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित बनाउन सम्बन्धित निकायसँग<br>समन्वय गर्ने । | ३.१.१ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरी छोटो अवधिका सिप सिकाउनका लागि पहल गरीनेछ । |
| ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने । | ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेका अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरी उत्पादनशील रोजगार तथा सीपका नया क्षेत्रको खोजी गरि सदुपयोग गर्ने । |
| **स्तम्भ नं. ४ : रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री बनाउने ।** | |
| ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने । | ४.१.१ सीप विकास, सहुलियतपूर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेख राखीनेछ । .<br>४.१.२ संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । |
| **स्तम्भ ५ : नविन सोच र प्रबिधिको उपयोग ।** | |
| ५.१ स्थानीय अर्थतन्त्रलाई गतिशील एवं सुदृढ बनाउन नवीन सोच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने । | ५.१.१ प्रबिधि मैत्रि उद्यम व्यवसाय गर्न चाहने युवाहरुलाई उत्पादनशील व्यावसायिक योजनाको आधारमा स्थानीय स्वरोजगार कोषबाट अनुदान सुविधा उपलब्ध गराईनेछ । |
| **स्तम्भ ६ : श्रम तथा रोजगार बैंक ।** | |
| ६.१ श्रम तथा रोजगार बैंक संचालन गर्ने । | ६.१.१ गाउँपालिका भित्रका विभिन्न क्षेत्र तथा विषयका ज्ञान, सीप प्राप्त जनशक्तिहरुलाई र रोजगारदाताहरुलाई श्रम तथा रोजगार बैंकमा सूचिकृत गरि बेरोजगार जनशक्तिलाई रोजगारी र रोजगारदातालाई जनशक्ति उपलब्ध गराउन समन्वय गरिनेछ । |

## खण्ड-८, पाँच बर्षको रणनैतिक कार्य योजना (Strategic Action Plan)

**त्रिपुरासुन्दरी गाउँपालिकाको रोजगार रणनीति कार्यान्वयन कार्ययोजना**

| क्र.स. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/शाखा | सहयोगि निकाय/ शाखा | समयावधि | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| **स्तम्भ १ : आन्तरीक रोजगारी प्रवर्द्धन गर्ने ।** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **रणनीति १.१** विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवस्यक सीप सिकाउने र प्रयोग गर्ने । | | | | | | |
| **कार्यनीति १.१.१** रोजगार आयोजनामा खटाउनु अगाडी श्रमीकलाई आवस्यक पर्ने ज्ञान, सीप, तरिका, बिधि सम्बन्धमा परामर्श र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाईनेछ । गाउँपालिकाको विकास खर्चलाई रोजगारी सृजनासंग जोडिनेछ । | | | | | | |
| **१.१.१.१** | रोजगार आयोजनाको छनोट र कार्यान्वयन | रोजगार सेवा केन्द्र | योजना तथा प्राबिधिक शाखा | आ.ब.को पहिलो २ महिना | योजना छनोट भएको | |
| **१.१.१.२** | रोजगार योजनाको प्रकृति र श्रमिकको क्षमता हेरेर परामर्श र सीप प्रदान | रोजगार सेवा केन्द्र | योजना, प्राबिधिक, सम्बद्ध शाखा | बढिमा ७ दिन | कामको गुणस्तर | |
| **रणनीति** १.२ दिगो र उत्पादनशील रोजगारीको अवसर विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने । | | | | | | |
| **कार्यनीति** १.२.१ उत्पादन हुने खाध्यान्न बाली, तरकारी पकेट, फलफूल खेती क्षेत्रको जमिनको छनौट, परिक्षण गरि उतपादनशील रोजगारीको ढाँचा तयार गर्ने र पशुपंक्षी र माछा पालन सम्बन्धमा सम्भावित अध्यन गरि स्थानीय तह भित्र रोजगारीका अवसरको खोजी गरिनेछ । | | | | | | |
| **१.२.१.१** | सम्भावित उत्पादन हुने खेति र जमिन छनोट गर्ने । | रोजगार सेवा केन्द्र | **कृषि शाखा** | **१४ दिन** | **जमिन छनौट भएको** | |
| १.२.१.२ | उत्पादनशील रोजगारीको ढाँचाको लागि जमिन मालिक र श्रमिक बीच सहयोगात्मक भावना विकास गर्न छलफल तथा अन्तरक्रिया गर्ने । | रोजगार सेवा केन्द्र, कृषि शाखा, | कृषि शाखा, श्रमिक समुह, जमिन मालिक | ७ दिन | श्रमिक समुह र जग्गा धनि बीच सम्फोता भएको | |
| १.२.१.३ | तत्काल उत्पादन गर्न नसकिने खालि जमिनको पहिचान गरि फलफूल खेतिको पहल गर्ने । | रोजगार सेवा केन्द्र, कृषि शाखा, | कृषि शाखा, श्रमिक समुह, जमिन मालिक | १४ दिन | फलफूलको बिरुवा रोपिएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.१.४ | उत्पादित वस्तुको बजारिकरणको लागि संजाल तयार गर्ने । | रोजगार सेवा केन्द्र, कृषि शाखा, | कृषि शाखा, श्रमिक समुह, बजार व्यवस्थापक, | ७ दिन | उत्पादन भएको वस्तु बजारमा गएको हुनेछ । | |
| १.२.१.५ | सूचिकृत बेरोजगारलाई पशुपालन तथा माछा पालन सेवामा आबद्ध हुने वातावरण तयार गर्न आवस्यक पहल गर्ने । | रोजगार सेवा केन्द्र, पशु शाखा | कृषि शाखा, श्रमिक समुह, बजार व्यवस्थापक, | ३० दिन | दुध र माछा मासुको ब्यापार भएको हुने छ । | |
| **स्तम्भ २ : बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयूक्त जनशक्ति ।** | | | | | | |
| **रणनीति** २.१ श्रम बजारको माग अनुसार बेरोजगार यूवालाई रोजगार वा स्वरोजगारमा संलगन हुन उत्प्रेरित गरिने छ । | | | | | | |
| **कार्यनीति** २.१.१ लघु उधमशिल सीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने गरि बेरोजगार नागरिकलाई प्रोत्साहन गरिने छ । | | | | | | |
| २.१.१.१ | स्थानीय श्रोत साधनको प्रयोग गरि उद्यमशिलता कार्यक्रम संचालन गर्ने । | रोजगार सेवा केन्द्र, लघुउद्यम शाखा | सरोकारवाला सबै | **१४ दिन** | **सीपयूक्त जनशक्ति तयार** | |
| **२.१.१.२** | उद्यमशिल जनशक्तिबाट उत्पादित वस्तुको बजारीकरण गर्ने । | रोजगार सेवा केन्द्र, लघुउद्यम शाखा | सरोकारवाला सबै | **आवस्यकता अनुसार** | **आय स्रोत बढेको** | |
| रणनीति २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारीत तालिम दिई दक्ष बनाउने । | | | | | | |
| **२.२.२** | रोजगारका आयोजनामा संलग्न श्रमिकको अनुभव र सीपलाई अभिलेख राख्ने | रोजगार सेवा केन्द्र | **तालिम प्रदायक निकाय** | **३० दिन** | **सीप र अनुभवको संख्यात्मक अभिलेख** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| रणनीति २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | | | | | | |
| कार्यनीति २.३.१ गाउँपालिका भित्रका निजी क्षेत्रका उद्योग व्यवसायी ठेकेदार होटल व्यवसायी सहकारी निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखीने । | | | | | | |
| **२.२.१** | बेरोजगार युवाहरुलाई न्यूनतम पारीश्रमिक दिइ रोजगार दिएका रोजगारदाता र श्रमिको अभिलेख राखे र रोजगारदातामा सिर्जना हुन सक्ने रोजगार सम्वन्धि सूचनाको आँकलन गर्ने । | रोजगार सेवा केन्द्र | सरोकार वाला सबै | **१५ दिन** | **रोजगारदाताको विवरण प्राप्त** | |
| २.२.२ | रोजगार सेवा केन्द्रबाट श्रमिक माग गरी कम्तिमा १०० दिनको रोजगारी दिएमा त्यस्ता रोजगारदातालाई वर्षको एक पटक पुरस्कार सहित सम्मान गर्ने । श्रमिक र सीपको अभिलेख तयार गर्ने । | रोजगार सेवा केन्द्र | सरोकार वाला सबै | **१ दिन** | **सम्मान गर्ने कार्यक्रम भएको हुने र श्रमिक र सीपको विवरण प्राप्त** | |
| **स्तम्भ ३ : वैदेशिक रोजगारलाई उपलब्धिमुलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग ।** | | | | | | |
| **रणनीति** ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | | | | | | |
| **कार्यनीति** ३.१.१ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरी छोटो अवधिका सिप सिकाउनका लागि पहल गरीनेछ । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **३.१.१.१.** | सीपको आधार तयार गरी बैदेशिक रोजगारमा जाने व्यक्तिलाई बिदेशमा आउन सक्ने समस्यालाई समाधान गर्न सक्ने बनाउने । | रोजगार सेवा केन्द्र | सरोकार वाला सबै | **१५ दिन** | **वैदेशिक रोजगारीमा सफल भएको** | |
| **३.१.१.२** | वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई परामर्श र अभिमुखिकरण गर्ने । | रोजगार सेवा केन्द्र | सरोकार वाला सबै | **७ दिन** | **देश र पेशाको बारेमा जानाकार भएको** | |
| रणनिति ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने । | | | | | | |
| कार्यनीति ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप अभिलेखिकरण गरी उत्पादनशील रोजगार तथा सीपका नया क्षेत्रको खोजी गर्ने सदुपयोग गर्ने । | | | | | | |
| **३.२.१.१** | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको विवरण तयार गर्ने । | रोजगार सेवा केन्द्र | सरोकार वाला सबै | **१५ दिन** | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको विवरण प्राप्त हुने । | |
| **स्तम्भ नं. - ४, रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री** | | | | | | |
| रणनीति ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति ४.१.२ सीप विकास, सहुलियतपूर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेखलाई रोजगारमैत्री बनाइनेछ । | | | | | | |
| **४.१.२.३** | रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई रोजगार तथा स्वरोजगार हुन आवस्यक पर्ने सेवा उपलब्ध गराउने । | रोजगार सेवा केन्द्र | **निजि क्षेत्र** | **२ महिना** | **एकिकृत सेवा पाएको हुने** | |
| **४.१.२.४** | संघ, प्रदेशका श्रम तथा रोजगार | रोजगार सेवा केन्द्र | सरोकार वाला | **६ महिना** | **स्रोत साधनलाई रोजगार केन्द्रित** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्बन्धि नीतिगत र कानुनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । | | निकाय सबै | | **कार्यान्वयन गरिएको** | |
| **स्तम्भ ५ : नविन सोच र प्रबिधिको उपयोग ।** | | | | | | |
| ५.१ स्थानीय अर्थतन्त्रलाई गतिशील एवं सुदृढ बनाउन नवीन सोच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने । | | | | | | |
| ५.१.१ प्रबिधि मैत्रि उद्यम व्यवसाय गर्न चाहने युवाहरुलाई उत्पादनशील व्यावसायिक योजनाको आधारमा स्थानीय स्वरोजगार कोषबाट अनुदान सुविधा उपलब्ध गराईनेछ । | | | | | | |
| ५.१.१.१ | कूषि क्षेत्रमा व्यावसायीक उत्पादन तथा आर्थिक पुजिको आधारमा अनुदान दिने । | कृषि शाखा | व्यावसायमा संलगन व्यक्ति, रोजगार सेवा केन्द्र | आवस्यकता अनुसार | कृषि उत्पादकले अनुदान पाएको | |
| **स्तम्भ ६ : श्रम तथा रोजगार बैंक ।** | | | | | | |
| ६.१ बेरोजगार व्यक्तिहरुलाई स्थानीय तहमा रोजगारी उपलब्ध गराउन श्रम तथा रोजगार बैंक संचालन गर्ने । | | | | | | |
| ६.१.१ गाउँपालिका भित्रका विभिन्न क्षेत्र तथा विषयका ज्ञान, सीप प्राप्त जनशक्तिहरुलाई र रोजगारदाताहरुलाई श्रम तथा रोजगार बैंकमा सूचिकृत गरिने छ । | | | | | | |
| **६.१.१.१** | सीपयूक्त जनशक्ति र रोजगारदातालाई श्रम तथा रोजगार बैंकको माध्यमबाट समन्वय गराईने छ । | रोजगार सेवा केन्द्र | सरोकारवाला निकाय सबै | आवस्यकता र अनुकुलता अनुसार | रोजगारदाताले कामदार र बेरोजगार जनशक्तिले रोजगारी पाएको हुनेछन । | |

## अनुसूची ४

## पाँच बर्षे कार्ययोजना नतिजा खाका

| क्र.स. | नतिजा सूचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य (आ.ब.अनुसार) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | न्यूनतम रोजगारीमा संलगन व्यक्ति | जना | ८० | १५० | २०० | २५० | ३०० | ३५० |
| २ | पूर्वाधार विकासमा संलगन | जना | ८० | १२० | १८० | २२० | २६० | ३२० |
| ३ | उत्पादनशील रोजगारीमा संलगन | जना | ० | ४० | ६० | १०० | १४० | १८० |
| ४ | रोजगार आयोजनामा सीप यूक्त जनशक्ति संलगन | जना | ० | ८० | १०० | १४० | १८० | २२० |
| ५ | कृषि तर्फ दिगो उत्पादनको स्थान छनोट | ठाउँ | ० | २ | ४ | ६ | ८ | १० |
| ६ | पूर्वाधार विकासमा संलगन श्रमिकलाई सीप विकास परामर्श | जना | ० | १०० | १४० | १६० | १८० | २०० |
| ७ | तरकारी उत्पादन तर्फ न्यूनतम रोजगारीमा संलगनलाई सीप | जना | ० | ४० | ८० | १२० | १६० | १८० |
| ८ | पशुपालन तर्फ रोजगारी | जना | ० | १४ | २१ | २८ | ३५ | ४२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | उत्पादनशील कृषि रोजगार समुह गठन | वटा | ० | २ | ४ | ६ | ८ | १० |
| १० | उत्पादनशील पशुपालन रोजगार समुह गठन | वटा | ० | २ | ४ | ६ | ८ | १० |
| ११ | रोजगारदाता सूचिकृत गर्ने | संख्या | ० | १४ | २१ | २८ | ३५ | ४२ |
| १२ | सीप यूक्त बेरोजगार जनशक्ति सूचिकृत गर्ने | जना | ० | ७० | ८० | ९० | १०० | ११० |
| १३ | कार्यस्थलमा आधारीत तालिम पाउने संख्या | जना | ० | ४० | ६० | ८० | १०० | १२० |
| १४ | रोजगारदाताको सम्मान | जना | ० | ५ | १० | १५ | २० | २५ |
| १५ | वित्तिय साक्षरता | जना | ० | १५ | २० | २५ | ३० | ४० |
| १६ | उधमशिलता | जना | ० | २० | ३० | ४० | ५० | ६० |

## खण्ड-९, श्रोत परिचालन र बजेट व्यवस्थापन (Resource Mobilization and Budget Management)

यो रणनीतिक योजना कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रलाई आवश्यक स्रोत साधनको व्यवस्थापन गाउँ कार्यपालिकाले गर्नेछ । यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि सरकारी क्षेत्र,निजी क्षेत्र, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था एवं अन्य विकास साझेदारहरुको आर्थिक एवं प्राविधिक स्रोत साधन परिचालन गर्नुको साथै समन्वय र सहकार्य समेत गर्न सकिन्छ ।

## खण्ड-१०, रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था (Steering Committee, Monitoring and Evaluation )

यस गाउँपालिकाभित्र रहेका रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्न, रोजगार सम्बद्ध सेवा एवं सरोकारवालाहरुको नाक्सांकन गर्न, रोजगारीको हकको कार्यान्वयन लगायत रोजगारीका अन्य विषयमा आवश्यक नीति तथा रणनीतिहरुको तर्जुमा गर्ने काम स्थानीय निर्देशक समितिको रहनेछ । साथै सम्बन्धीत

विषय विज्ञलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गरि नीति तथा रणनीतिसंग सम्बन्धित कार्यक्रमहरु निमार्ण गरि कार्यान्वयन गर्ने जिम्मेवारी समेत देहाय बमोजीम स्थानीय निर्देशक समितिको रहने छ ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. गाउँकार्यपालिकाको प्रमुखले तोकेको वडा अध्यक्ष दुई जना | सदस्य |
| ५. रोजगार संयोजक | सदस्य सचिव |

**१०.१ रणनीतिक योजनाको निर्देशक समितिको काम, कर्तव्य र अधिकार :**

क) रणनीतिक उदेश्य हासिल गर्न तय गरेको कार्ययोजना अनुरुप आवश्यक बजेट बिनियोजनका लागि गाउँ सभालाई सिफारिस गर्ने ।
ख) स्थानीय तहभित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने र कार्यान्वयन गर्ने ।
ग) बेरोजगारको समस्यालाई दिगो वा दिर्घकालीन रुपमा समाधान गर्न रोजगारी रणनिति योजनालाई प्रभावकारी कार्यान्वन गर्न पहल गर्ने ।
घ) रणनीति कार्यान्वयनबाट अपेक्षित उपलब्धि तथा प्रतिफल प्राप्त भए नभएको पटक पटक समिक्षा गर्ने तथा प्रभावकारी बनाउन स्थानीय तहको बजेट निर्माण गर्नु पुर्व वार्षिक समिक्षा तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिने ।
ङ) श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।
च) सरकारी तथा गैरसरकारी निकायसँग रोजगारी सृजना सम्बन्धी आवश्यक सहकार्य समन्वय गर्ने ।
छ) रणनीति कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।
ज) निजी क्षेत्रसँगको सहकार्यमा सूचीकृत बेरोजगार श्रमिक माग गर्ने रोजगारदातालाई सम्मान गर्ने ।

**खण्ड-११, जोखिम व्यवस्थापन (Risk Management):**

**सम्भावित जोखिमहरु**

क. स्रोत व्यवस्थापन
ख. विभिन्न निकायहरु बीच समन्वय र सहकार्य

**जोखिम व्यवस्थापनका लागि ध्यान दिनु पर्ने कुराहरु**

१. विकास साझेदारहरुसंग स्रोत व्यवस्थापनको लागि समन्वय र सहकार्य गर्ने ।
२. क्रियाकलापहरुलाई तहगत रुपमा वर्गीकरण गरि कुन वर्षमा के गर्ने भनि प्राथामिकीकरण गर्ने ।
३. रोजगारीको क्षेत्रमा काम गर्ने सर्म्पूण शाखा, निकाय एवं संघसंस्थाहरु बीच साझा बुझाई कायम गर्ने ।
४. रणनीतिक योजना कार्यान्वयन समितिमा रहेका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने ।
५. आवश्यकता अनुसार विभिन्न निकाय, संघसंस्थाहरुसँग समन्वय,सहकार्य र सम्बन्ध विस्तार गर्ने ।